annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२९, पृष्ठ ८ | काठमाडौं, आइतबार १५ चैत २०८२ | चैत्र शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४६ | SUNDAY, MARCH 29, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# ओली–लेखक पक्राउले अशान्त बन्दै राजनीति

कार्की आयोगको प्रतिवेदन कार्यान्वयनका नाममा सरकारले एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री ओली र कांग्रेस नेता एवं पूर्वगृहमन्त्री लेखकलाई पक्राउ गरेपछि राजनीतिक तरंग पैदा भएको छ। दुईतिहाइको सरकार निर्माणबाट स्थायित्व र शान्तिको जनअपेक्षा भइरहेका बेला कतै फेरि राजनीतिक मुठभेड, द्वन्द्व र अस्थिरता त निम्तिने होइन भन्ने आशंका उब्जिएका छन्।

**सुरेन्द्र काफ्ले/अजवी पौड्याल** | *काठमाडौं*

विस्तृत पृष्ठ २



## शासकीय सुधारका १०० कार्यसूची

**सुनिता कार्की** | *काठमाडौं*



- मन्त्रालयको संख्या घटाएर १७ कायम गर्ने।
- कर्मचारी, शिक्षक र प्राध्यापकहरूका दलीय ट्रेड युनियन खारेज गर्ने।
- वि. सं. २०४८ देखि हालसम्म सार्वजनिक पदमा रहेका उच्चपदस्थ अधिकारी र कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने।
- सातै प्रदेशमा निःशुल्क ब्लु बस सेवा सञ्चालन गर्ने।

सरकारले शासकीय सुधारको १ सय कार्यसूची तयार गरेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को शुक्रबारको बैठकले १ सय कार्यसूची पारित गरी शनिबार सार्वजनिक गरेको छ। यही भदौमा भएको 'जेन-जी आन्दोलन' र फागुन २१ को आमनिर्वाचनपछि बनेको नयाँ सरकारले मुलुकको शासकीय व्यवस्थामा आमूल परिवर्तन ल्याउन र नागरिकका अपेक्षा पूरा गर्न 'शासकीय सुधारसम्बन्धी १ सय कार्यसूची' स्वीकृत गरेको जनाएको छ। प्रधानमन्त्री बालेन्द्र नेतृत्वको सरकारले कम्तीमा ७ दिनदेखि १ हजार दिनसम्म सम्पन्न गर्ने गरी १ सय कार्यसूची निर्धारण गरेको छ। सरकारले समग्र कार्यसम्पादनलाई नतिजामुखी बनाउन 'डेलिभरी बेस्ड गभर्नेन्स' लागू गर्ने घोषणा गरेको छ। यसअन्तर्गत प्रत्येक मन्त्रालयले ७ दिनभित्र आफ्नो क्षेत्रका प्रमुख १० कार्य, समयसीमा र जिम्मेवार अधिकारी तोकेर कार्ययोजना सार्वजनिक गर्नुपर्नेछ। यी कार्यहरूको मासिक प्रगति विवरण प्रधानमन्त्री कार्यालयको वेबसाइटमा सार्वजनिक गरिनेछ।

सरकारको कार्यसूचीमा भदौ २४ गतेको घटनाको उच्चस्तरीय छानबिन गर्न एक साताभित्र नै एक उच्चस्तरीय छानबिन समिति गठन गर्ने र त्यो समितिले सिफारिसको आधारमा थप कारबाही प्रक्रिया अघि बढाउने भनिएको छ।

कार्यसूचीमा भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकता दिइएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र अन्य संवैधानिक निकायहरूको सुदृढीकरण गर्दै सरकारी सेवा प्रवाहमा हुने ढिलासुस्ती र अनियमितता अन्त्य गर्ने प्रतिबद्धता जनाइएको छ। साथै, प्रशासन संयन्त्रलाई राजनीतिमुक्त बनाउन आवश्यक कानुनी र नीतिगत सुधार गरिने उल्लेख छ। मन्त्रालयहरूको संख्या आवश्यकताभन्दा ठूलो भई चालु खर्च बढेको समस्यालाई समाधान गर्न ३० दिनभित्र मन्त्रालयको संख्या घटाउने निर्णयसहित मौजुदा नेपाल सरकार (कार्य विभाजन) नियमावली संशोधन गरी संघीय मन्त्रालयको संख्या १७ कायम गर्ने भनिएको छ।


» बाँकी पृष्ठ ६

## कार्कीलाई सुरक्षा 'थ्रेट'



**भक्तपुर** (अन्नपूर्ण) : 'जेन-जी' प्रदर्शनबारे छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगका अध्यक्ष गौरीबहादुर कार्कीलाई ज्यान मार्ने धम्की आएपछि सुरक्षा कडा पारिएको छ।

अज्ञात समूहबाट गम्भीर 'सुरक्षा थ्रेट' आएको जानकारी कार्कीले सरकारलाई गराएलगत्तै सुरक्षा निकायहरू हाई-अलर्टमा बसेका हुन्। आयोगको सिफारिसकै आधारमा शनिबार पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेपछि अध्यक्ष कार्कीमाथि जोखिम बढेको सुरक्षा विश्लेषण गरिएको छ। हाल भक्तपुरको गुण्डुस्थित उनको निवासमा सुरक्षाकर्मीको बाक्लो उपस्थिति छ।




## इरानका संवेदनशील क्षेत्रमा आक्रमण, तर जोखिम न्यून

**भियना** (एजेन्सी): अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकायका अनुसार इरानका खोनदाब र खुजेस्तानस्थित संयन्त्रहरूमा भएको आक्रमणपछि कुनै पनि विकिरण जोखिम देखिएको छैन।

निकायले इरानको जानकारीअनुसार केन्द्रीय क्षेत्रमा रहेको खोनदाबको भारी पानी उत्पादन केन्द्रमा आक्रमण भएको थियो। उक्त केन्द्रमा घोषणा गरिएको कुनै आणविक सामग्री नभएको र त्यहाँबाट कुनै विकिरण जोखिम नदेखिएको बताइएको छ।

त्यस्तै, खुजेस्तान प्रान्तमा रहेको इस्पात उत्पादन गर्ने उद्योगमा पनि आक्रमण भएको जानकारी दिइएको छ। उक्त उद्योगमा औद्योगिक मापनका लागि बन्द रेडियोधर्मी स्रोतहरू प्रयोग गरिन्छ। निकायले उक्त स्थानबाट बाहिर कुनै विकिरण फैलिएको पुष्टि नभएको जनाएको छ।

यी आक्रमणहरू फागुन १६ गतेदेखि सुरु भएको अमेरिका-इजरायल-इरानबीचको करिब १ महिनादेखि जारी द्वन्द्वका क्रममा भएका हुन्। हालसम्म ती पक्षहरूबीच भीषण संघर्ष जारी रहे पनि युद्धविरामतर्फ कुनै ठोस प्रगति भएको छैन।

डियर कल्याणको कुनो

## पपुलिजमको उडान र अवतरणका कथा



नेपालमा टेलिभिजन कार्यक्रमको सुरुवात गरेर ख्याति कमाएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने जस्तै इटालीमा १९७० तिर एकजना गजबका व्यक्ति थिए। स्ट्यान्ड-अप कमेडियन, टिभी शो सुरु गर्दा उनलाई आफू यति पपुलर हुन्छु भन्ने कुरा कल्पनासमेत गरेका थिएनन्। आफ्नो टिभी शोमार्फत उनले सरकार र आफ्ना नेताहरूको कमेडियन शैलीमा मजाक उडाउँथे। यो काममा उनी माहिर थिए। हरेक दिन, हरेक साता, हरेक महिना र हरेक वर्ष उनी पपुलरको भ्याङ चढ्दै गए। सन् १९९३ को एउटा उनको 'लाइभ प्रसारण' मा १ करोड ५० लाखभन्दा बढी मान्छे जोडिएपछि उनी सरकारको नजरमा परे, किनभने त्यो बेला १ करोड ५० लाखको संख्या धेरै ठूलो मानिन्थ्यो। त्यसपछि इटालीको तत्कालीन सरकारले उनीमाथि प्रतिबन्ध लगायो। त्यसपछि उनी 'मेनस्ट्रिम' टिभीहरूमा देखिन छाडे। यो कुराले इटालीका जनताहरू सरकारसँग रुष्ट भए। र, ती मान्छेहरू ती व्यक्ति अर्थात् बेप्पे ग्रिलोको ब्लग र उनको वेबसाइट बेप्पेग्रिलो डट आईटीमा जोडिन थाले।

अचम्मको कुरा उनले त्यतिबेला के गरे भने- आफ्नो ब्लगमार्फत डोनेसन स्वरूप आएको पैसाले इटालियन अखबारलाई पैसा तिरेर विज्ञापनहरू छाप्न थाले। उनका विज्ञापनमा भ्रष्टाचारको विरोध गरिएको हुन्थ्यो। उनले विज्ञापनमा ठूलाठूला घोटालाहरूका बारेमा छापेका हुन्थे। एकपटक उनले वित्तीय घोटालाको बारेमा छापे, जसमा बैंक अफ इटालीका गभर्नरको राजीनामा आह्वान गरिएको थियो।

» बाँकी पृष्ठ ६